हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : ६७ पृष्ठ : ४ २०७७ असोज ४ गते आइतबार (Sunday 20 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




**• संविधान दिवस •**

# कतै विरोध, कतै खुशियाली

२०७२ साल असोज ३ गते संविधानसभाबाट नयाँ संविधान जारी भयो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालले नयाँ संविधान पाएको ५ वर्ष पूरा भएको छ । संविधान जारी भईरहँदा एकातर्फ दिपावली मनाइँदै थियो भने अर्को तर्फ तराई मधेसमा संविधान विरोधमा जनविद्रोह नै भएको थियो । मधेसमा मधेसवादी दललगायतले संविधान जारी भएको दिनलाई 'कालो दिन' को रुपमा मनाउँदै बिरोध जनाएका छन् ।



सिरहा जिल्ला लगायत प्रदेश २ मा सरकारी कार्यालय, स्थानीय तह र संघसंस्था लगायत नागरिक समाजले संविधान दिवस विभिन्न कार्यक्रम गरि मनाएका छन् भने जनता समाजवादी पार्टी लगायत विभिन्न संस्थाले 'कालो दिन' को सम्झना गर्दै विरोध जनाएका छन् ।

संविधान दिवसको अवसर जिल्ला प्रशासन कार्यालय सिरहा प्रांगणमा कार्यक्रम गरिएको छ । कार्यक्रममा कोरोना महामारीको फ्रन्टलाइनमा खटिएर सेवा प्रदान गरेका पत्रकारसहित २ सय २४ जनालाई सो अवसरमा कदर पत्र सहित सम्मानित गरिएको छ । सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलले कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणका लागि बनाइएको संकट व्यवस्थापन केन्द्र ( डिसिसिएमसी) र जिल्ला सुरक्षा समितिले संविधान दिवसका अवसरमा गम्छा र कदरपत्रले सम्मान गरेको जानकारी दिए ।

प्रशासनले सञ्चारकर्मीसँगै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा जनप्रतिनिधिलाई पनि सम्मान गरेको थियो । यस्तै, नेपाल रेडक्रस सोसाइटी सिरहा शाखाले आफ्नो मातहतका पाँचजना एम्बुलेन्स चालकलाई जोखिम भत्ता दिने घोषणा गरेको छ ।

संविधान दिवसका अवसरमा शाखा र उपशाखामातहतका एम्बुलेन्स चालकलाई कोभिड-१९ मा खटिएको प्रोत्साहनस्वरुप १५-१५ हजार जोखिम भत्ता दिने घोषणा गरेको रेडक्रस सिरहाका सभापति राजदेव यादवले बताए ।

गोलबजार नगरपालिका, अर्नामा गाउँपालिका लगायत सिरहाका विभिन्न गाउँपालिका र नगरपालिकाले विभिन्न कार्यक्रम गरि संविधान दिवस मनाएका छन् । जिल्लाका कतिपय स्थानमा दिप प्रज्वलन समेत गरिएको छ । लहानस्थित सहिद चौकमा मानव अधिकार संरक्षण केन्द्र सञ्जाल, लहान सिटी जेसिज, लायन्स क्लब अफ लहान सिटी, रोटरी क्लब लहान, पुष्पलाल स्मृति प्रतिष्ठान सिरहाले दिप प्रज्वलन गरि संविधान दिवस मनाएका छन् ।

**लहानमा विरोध प्रदर्शन**

संविधान दिवसको विरोध गर्दै जनता समाजवादी पार्टीले लहान नगरपालिका-२४ बाट संविधान संशोधनका लागि दबाब दिन मोटरसाइकल सहितको विरोध ऱ्याली प्रदर्शन गऱ्यो । मोटरसाइकल ऱ्याली पछि सहिद चौकमा कोणसभा गरेको थियो । त्यसैगरी सखुवानन्कारकट्टीको मौवाहीमा समेत जनता समाजवादी पार्टीले कालो दिवसको रूपमा मनाएको छ ।

**संविधान जलाउनेमाथि लाठीचार्ज**

बाँकी ३ पेजमा

## सामाजिक सञ्जालबाट

**Suresh Mandal** is with **युवा अभियान**.
27m • Public

जनता समाजवादी पार्टी नेपाल कल्याणपुर नगर समितिद्वारा बर्तमान संविधान बिरुद्धमा आयोजित बिरोध रैली तथा सभामा सहभागी भई प्रमुख वक्ताको रूपमा संवोधन गर्ने अवसर प्राप्त भयो। आयजक नगर समितिलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु। आन्दोलनले सिघ्र सार्थकता प्राप्त गरोस भन्ने कामना गर्दछु।



71 8 Comments • 3 Shares
Like Comment Share

# किन बल्झिरहन्छ असन्तुष्टि !

*असोज ३, संविधान दिवस । संविधानसभाबाट बनेको संविधान भए पनि यसको अन्तरवस्तुलाई लिएर सिंगो देश एकै ठाँउमा देखिदैन, राजनीतिक मतभेद छन् । त्यसैले हरेक वर्ष संविधान दिवसमा संविधान बनाउँदा आफ्ना चासो सम्बोधन नभएको ठान्ने शक्तिले असन्तुष्टि पोख्ने गरेका छन् ।*

*संविधान जारी भएको पाँच बर्षसम्म पनि संविधान दिवस असन्तुष्टि बल्भिने दिनका रूपमा देखिने गरेको छ । सरकार औचित्य र आवश्यकताका आधारमा संविधान संशोधन गर्न सकिने अमूर्त ब्याख्यामा छ । असन्तुष्ट समूहले पनि संविधान संसोधनको मुद्दालाई राजनीतिक शक्ति आर्जनको हतियार बनाइरहेको छ ।*

*संविधान जारी भएकै दिन पहाडमा दीपावली मनाइँदै थियो भने मधेसमा ब्ल्याक आउट भएको थियो । त्यसयता संविधान संसोधनबारे मधेशमा लगातार असन्तुष्टि छ । संविधान संसोधनमा तराई-मधेश केन्द्रित दलको चासो छ । तर, संविधान संसोधनमा भने कुनै ठोस प्रगति छैन् ।*

*तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी मिलेर बनेको जनता समाजवादी पार्टीले संविधान संसोधनको मुद्दा उठाएको छ । संविधानलाई सबैको स्वीकार्य बनाउने उद्देश्यले संविधान संशोधन गर्नुपर्ने उनीहरूको माग छ ।*

*गत जेठमै राजपा र समाजवादी पार्टीले संसदमा संविधान संशोधन विधेयक दर्ता गराएका थिए । गैरसरकारी विधेयकका रुपमा संघीय सांसद सचिवालयले नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक दर्ता गर्दैगर्दा प्रस्तावकले पहिचान पक्षधर आमजनसामुदायको हक अधिकार सुनिश्चित नगर्ने धारा संसोधनको माग गरेका थिए ।*

*ती दलले संघीयताको मर्म र भावनाअनुरुप पहिचानसहितको संघीयताका लागि मार्गप्रशस्त गर्ने, विशेष संरचना निर्माणका लागि संघीय आयोग बनाउने, प्रदेशको क्षेत्राधिकार, अवशिष्ट अधिकार, समानुपातिक समावेशीकरण, बहुभाषिक नीति, वैवाहिक नागरिकता, गोर्खा सेनाको नागरिकताको निरन्तरता, संघीय न्यायपालिका, संवैधानिक अदालत, भ्रष्टाचार नियन्त्रणका लागि लोकपालको व्यवस्थाजस्ता विषय उठाएका थिए । त्यसबेला दुई पार्टी कानुनीरूपमा एक नभएकाले भिन्दाभिन्दै प्रस्ताव दर्ता गराएका थिए ।*

*उनीहरूको बुझाईमा संविधानको धारा ६, धारा, ७ (१), धारा ११ (६), धारा*

बाँकी ३ पेजमा

**भित्री पृष्ठमा**
नेपालको चुनौति र गान्धीवाद — पेज २ मा
युवा व्यवस्थापनमा पालिका — स्तम्भ : पालिका बहस — पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## पशुधनको भण्डारलाई पुन : जागृत गरौ

कृषि पेशा नेपालको अर्थतन्त्रको मेरुदण्ड हो भने पशुपालन कृषिको एक अभिन्न एवं अत्यन्तै महत्वपूर्ण क्षेत्र हो । पशुपालन जनावर वा पशुपक्षी पाल्ने पेशा हो । नेपालमा गाई, बाख्रा, भैंसी, राँगा, भेडा, गोरू लगायत अन्य जनावरहरू तथा हाँस, कुखुरा, आदि पक्षीहरू दूध, मासु, घरायसी सजावट तथा सुरक्षा आदि उद्देश्यले पाल्ने गरिन्छ ।

नेपालका कृषकहरूले खेती तथा पशुपालन दुवै गर्ने भएकाले यसलाई मिश्रित खेती भनिन्छ । सघन निर्वाहका लागि मात्र नभै आफ्नो घरायसी आवश्यकताको परिपूर्ति गर्न र अतिरिक्त आय आर्जन गर्नका लागि नेपाली कृषकहरूले पशुपालन गर्ने गरेका हुन् । यसबाट दूध, फूल, मासुको साथै खेतीलाई चाहिने मल, तथा श्रम (गाई, गोरू,राँगा, भैंसी, बाख्रा आदिबाट) प्राप्त हुन्छ ।

भौँगोलिक बनावटको हिसाबले हिमाल, पहाड र तराईमा विभक्त मुलुकमा जनसंख्याको क्रमशः तराईमा ५० प्रतिशत, पहाडमा ४५ प्रतिशत र हिमालमा ५ प्रतिशतको हाराहारीमा बसोवास गर्दछन् । करिब ८० प्रतिशत जनता कृषि तथा पशुपालन व्यवसायमा संलग्न छन् भने करिब ६६ प्रतिशत जनता यस व्यवसायमा निर्भर छन् । यसरी यहाँको अर्थ व्यवस्थामा आय आर्जन र रोजगारीको मुख्य मेरूदन्ड नै कृषि तथा पशुपालन व्यवसाय हो । कृषि व्यवसायमा महिलाको करिब ७२ प्रतिशत र पुरूषको ६० प्रतिशत योगदान रहेको छ ।

५ हजार भन्दा बढी सहकारी संस्थाहरू कृषि तथा पशुपालन व्यवसायसँग संलग्न छन् । जसमध्ये १,७७४ दुग्ध, ३,६१२ कृषि, १७८ चिया कफी, १७४ तरकारी तथा फलफूल र मौरीपालनमा ५४ र जडीबुटी उत्पादन तथा संकलनमा ८९ संख्यामा सहकारीहरू क्रियाशील रहेका छन् । तर दशक अघिसम्म पशुधनको भण्डार साबित भएको तराईको फाँटबाट पशुपालन व्यवसाय मुज्जिएको छ । जसले गर्दा अर्थतन्त्रको मेरुदण्ड मानिएको कृषि पेशा धरापमा पर्न थालेको छ । किसानहरु साधारणत पशुपालन गर्छन् । तर दशकअघिसम्म साधारण नोकरी गर्ने वा नगर्ने व्यक्तिले पनि यो पेशा अपनाउँथे । त्यतिखेर प्रत्येक क्षेत्रमा पशुपालन एउटा राम्रो व्यवसायको रुपमा गाउँघरमा साबित भएको थियो ।

कृषि तथा पशुपालन क्षेत्रमा राष्ट्रको लगानीको वर्तमान अवस्थालाई विश्लेषण गर्दा समग्र विकास बजेटमध्ये वार्षिक सरदर ३ प्रतिशत मात्र विनियोजन गरिएको देखिन्छ । प्रचारात्मक रूपमा कृषिलाई प्रथमिकतामा राखे पनि बजेट तथा कार्यक्रम विनियोजन गर्दा करिब १५ अरबभित्रै समग्र कृषि क्षेत्रमा छुट्टाइएको र सो रकमको करिब ७५ प्रतिशत बजेट प्रशासनिक खर्च र बाँकी २५ प्रतिशत अत्यन्त न्यून बजेट मात्र विकास कार्यक्रमको लागि खर्चिन्छ । त्यो पनि अपारदर्शी तथा कमजोर व्यवस्थापनका कारणले पूर्ण रूपमा सदुपयोग भई सेवाग्राही कृषक समुदायको गोठ, घर र आँगनमा पुग्दा प्रायः शुन्य देखिन्छ ।

तसर्थ कृषि तथा पशुपालन व्यवसायलाई उत्पादनमुखी, आय आर्जन र रोजगारमुखी बनाउन जरुरी छ । पशुधन जोगाउन कृषक परिवारलाई सामूहिक ढङ्गबाट कृषि तथा पशुपालन व्यवसायमा अग्रसर गराउन आवश्यक छ ।

# नेपालको चुनौति र गान्धीवाद

अघिल्लो अंकको बाँकी

गान्धीवादमा एउटा अर्को तत्त्व पनि छ । त्यो आध्यात्मवादको तत्त्व उत्कृष्ट अर्थमा धार्मिकता नै हो । त्यसो हुनाले सांस्कृतिक खालका आन्दोलनमा मार्क्सवादभन्दा गान्धीवादको अधिक सङ्गति छ । मार्क्सवादको त आधार नै समाजका आर्थिक र भौतिक पक्ष हुन् । मैले भन्न खोजेको के हो भने पश्चिमी जगतमा समृद्धिले जन्माएको सबैभन्दा ठूलो समस्या नै सांस्कृतिक समस्या हो । त्यहाँ पुगिसरी आएका मानिसलाई समृद्धिको अवस्थामा पुगेपछि रोटीले मात्र मान्छे बाँच्न सक्दो रहेनछ भन्ने लाग्न थाल्छ । मुख्यतः आध्यात्मिक–नैतिक समस्या समृद्धिसँग जोडिएर आउँछ । समृद्ध समाजका मानिसको मनमा 'मेरो जीवनको अर्थ के हो ? मेरो सेवाको कसलाई आवश्यकता छ ? म के गर्न पाउँछु ? जस्ता विभिन्न प्रश्न उब्जिन थाल्छन् । यस्ता प्रश्नहरू मानव समस्याको सामाजिक चरित्रप्रति होइन, व्यक्तिगत चरित्रप्रति परिलक्षित हुन्छन् । आजको सामाजिक जीवनलाई सुखी बनाउने तात्विक गुणको सूचीमा प्रेम, सौहार्दता, उदारता, परोपकार, छिमेकीप्रति स्नेह, भ्रातृत्व–भाव, दया, करुणा, ममताजस्ता पक्ष कमजोर भइसकेका छन् । तर, यी गुणहरूलाई व्यक्तिको आत्माले मात्र बोध गर्नसक्ने हुँदा ग्रहण गर्न कठिन छ । यी गुणहरूलाई संस्थागत गर्न र तिनको प्राप्तिका लागि हामी सामाजिक आन्दोलन चलाउन सक्तैनौं । राजनीति मात्र होइन, समाजसमेत संस्थाहरूको माध्यमबाट मात्र परिचालित हुने भएकोले माथि उल्लेख गरिएका मानव गुणहरू शुद्ध राजनीतिक वा आर्थिक व्यवस्थाबाट प्राप्त हुन सक्तैनन् । बेरोजगारी–अनुदान पनि संस्थागत सहयोग हुने भएकोले त्यसमा मानवोचित आध्यात्मिक गुण रहँदैन । कर तिर्ने नागरिक र बेरोजगारीको सिकार व्यक्ति दुवैका लागि त्यस्तो अनुदान सुखद् हुँदैन । त्यो, एउटाका लागि करको रूपमा भार हुन्छ भने अर्कोका लागि भत्ताको रूपमा रहेको अपमान हुन्छ । दान दिने र लिनेबीच सहृदयी सम्बन्ध हुनुपर्नेमा त्यहाँ भने दया र तिरस्कारको सम्बन्ध बन्न पुग्छ । एउटा व्यक्तिले प्रेम, करुणा र ममताको अभिव्यक्तिको रूपमा गर्नुपर्ने कामको सम्पादन सरकारी विभागले आफ्नो काम फर्स्याएको जस्तो गरेर गरिँदा भौतिक सम्पत्तिको थुप्रो लाग्दा पनि समाजमा त्यस्तो समृद्धिको खोक्रोपन र नीरसता उत्पन्न हुन्छ । राज्यले मानिसका जिम्मेवारीहरू खोसेर लिएको हुनाले नै मानिसको अन्तरहृदय काम नपाएर बाँझो बनेको छ । त्यसो हुनाले समृद्ध व्यक्तिले आफूमा विशाल निस्सारताको अनुभव गर्छ । ऊ आफूलाई कसैका लागि काम नलाग्ने ठानेर विरक्तिनँ सक्छ । ऊ अरूका लागि प्रयोजनहीन अनुभूति गर्छ । मानिसहरूले कर्त्तव्य र करुणाको भवनाबाट प्रेरित हुँदै आफ्नै जिम्मेवारी सम्झेर पूरा गर्ने व्यक्तिगत जिम्मेवारीलाई सामाजिक परोपकारका कार्यक्रमले अपहरण गरेको छ । त्यस्ता समाजमा नागरिकका कोक्रोदेखि मसानघाटसम्मका सारा जिम्मेवारी सरकारले बेहोरेको हुनाले मानिस–मानिसबीचको व्यक्तिगत आबद्धताको भावना पनि गुम्न गएको छ । पश्चिमका केही मनोविज्ञान–शास्त्रीहरू 'मानिसका वर्तमान समस्याहरू मूलतः मनोवैज्ञानिक हुन् र यस्तो स्थिति उत्पन्न हुनुको मुख्य कारण उसले जीवनको अर्थ नभेट्टाउनु नै हो' भन्न थालेका छन् । मानिसमा आफू उद्देश्यहीन र प्रयोजनहीन भएको भावनाले ठाउँ पाएपछि यस्तो समस्या उत्पन्न हुन्छ । समृद्ध मुलुकका मानिसले जीवनको केही अर्थ नदेख्नु नै आजको सबैभन्दा ठूलो मनोवैज्ञानिक समस्या हो । उसलाई उद्देश्यमूलक र उसको अस्तित्वलाई सार्थक बनाउन सके मात्र यस समस्याको उपचार सम्भव छ । प्रयोजन र उद्देश्य नभएको व्यक्ति अस्तित्वको रिक्तता अनुभव गर्दै बाँचेको हुन्छ । डा. भिक्टर ई. फ्राङ्कलेले त यस्तो विकृत मस्तिष्क भएका व्यक्तिहरूको मनोवैज्ञानिक उपचारका लागि 'लोगोथेरापी' वा 'अर्थको उपचार प्रणाली' अपनाउनसमेत सिफारिस गरेका छन् ।

समृद्धिको स्थितिमा यी सबै समस्याबाहेक सार्वजनिक व्यवस्थाका अभाव एवम् अन्तरात्मा र सत्यमा टिकेको व्यक्तिगत नैतिकताका धारणाहरूबीच एक किसिमको तनावको अवस्था रहन्छ । अविकसित आर्थिक अवस्थामा त सार्वजनिक व्यवस्थाका पक्षलाई निजी व्यक्तिगत नैतिकताका धारणाहरूभन्दा माथिल्लो स्थान दिन सकिन्छ । व्यक्तिले जस्तो चाहेको हो, त्यसरी नै उपयोग गर्न पाउने स्वच्छन्दतामा नै उसको व्यक्तिगत स्वतन्त्रताको जरो गाडिएको हुन्छ । तर, सार्वजनिक व्यवस्था वा सामाजिक समस्यामा आवश्यकताभन्दा बढी जोड दिन थालियो भने हुकुमी सत्तावादी व्यवस्थालाई निम्त्याएजस्तो हुन्छ । विपन्नताको स्थितिमा सार्वजनिक हितका लागि व्यक्तिगत स्वतन्त्रतालाई केही मात्रामा घटाउनु आवश्यक हुनसक्छ । मैले यो विचार प्रयोगात्मक रूपमा वा सुझाव, जुनसुकै रूपमा राखेको ठान्नुभए पनि हुन्छ । म यहाँ गान्धीका ती आध्यात्मिक मूल्यहरूमा उत्कृष्ट अर्थमा धर्मले मानिसको हृदयमा जमाउने आसनको पात्रता छ भन्छु । विशेषगरी, पश्चिमका लागि ती मूल्य अनौठो किसिमले युक्तिसङ्गत छन् भन्ने विचार राख्न चाहन्छु । मेरो बुझाइमा गान्धीको धारणाको 'ईश्वर' भन्ने तत्त्व सार्वजनिक व्यवस्थाका माग र व्यक्तिगत स्वतन्त्रताको दाबीलाई उच्चतमस्तरमा संयोजन गर्ने तत्त्व हो । निरङ्कुश शासन पनि यी दुईबीचको पृथकता र तनावलाई समाप्त गर्ने त्यस्तै एउटा प्रयत्न हो । तर, तानाशाही प्रयत्न दमनकारी र माथिबाट जबरजस्ती लादिने प्रयत्न भएकाले अत्याचारको श्रेणीमा पुग्छ । त्यसरी बलपूर्वक सार्वजनिक व्यवस्था लाद्ने प्रयत्न गरिँदा नागरिकको व्यक्तिगत स्वतन्त्रताको अपहरण हुन्छ । मानिसको आध्यात्मिक खाँचो पूरा गर्नु ईश्वरको एउटा उपयोगिता हो । मनुष्यको अन्तर्चेतनामै आन्तरिक संयम र अनुशासनको भावना जगाउनका लागि दया–माया, करूणा, भ्रातृत्वभाव, सौहार्दजस्ता सामाजिक व्यवस्थाका आधारभूत तत्त्व वा सामाजिक मूल्यहरूको जरो त्यस अन्तस्करणमा गाड्ने प्रयत्न गर्नु नै ईश्वर हो । एउटा गम्भीर धार्मिक प्रणालीले समाजको हित र व्यक्तिको हितबीच कुनै अन्तरविरोध पाउँदैन ।

गान्धीले धर्मप्रति प्रयोग गर्नुभएको भाषालाई कोट्याएर अध्ययन गर्ने हो भने त्यसमा सामाजिक मूल्यहरू प्रस्ट र निर्विवाद किसिमले परिलक्षित छन् । यस अर्थमा उहाँको धर्म नै धर्मनिरपेक्ष र सांसारिक थियो भने हुन्छ । यसको फलस्वरूप हिन्दुस्तानमा प्रत्येक धर्मको सार्वभौमिकतामाथि जोड दिइन थालियो र धर्मनिरपेक्षताको नयाँ अर्थ लाग्न थाल्यो । पश्चिमी जगतका लागि गान्धी सन्देश दिनुहुन्छ, 'तिमीहरूले मानिसलाई एउटा वस्तुको रूपमा लिएर उनीहरूका समस्याहरू हल गर्‍यौ । तिमीहरूले चल्नसक्ने आर्थिक व्यवस्था र राजनीतिक प्रजातन्त्रद्वारा त्यो पहिलो जिम्मेवारी पूरा गर्न सक्यौ । अब तिमीहरू मनुष्यमात्रलाई वस्तुको रूपमा होइन, समग्रतामा हेर । समाज उसको अस्तित्वको अरू समस्याहरूको समाधान खोज्न सक्ने स्थितिमा छं । तर, यस्ता समस्याको समाधानको खोजीमा मानिसको आफ्नै व्यक्तिगत प्रयत्न प्रमुख हुने गर्छ । धर्म एउटा व्यक्तिको रूपमा मानिसको उन्नयनको निम्ति उपयोगी साधन सिद्ध हुनसक्छ । धर्म, कुनै अलौकिक रहस्यको अर्थमा होइन, लौकिक, नैतिक, सांस्कृतिक र सामाजिक अर्थमा पुनःपरिभाषित हुन सक्छ । आफ्नो अभिप्रायलाई प्रस्ट गर्नका लागि मानवले गर्ने कार्यका कुनै अवाञ्छनीय चरित्रलाई दुई अर्थमा म विश्लेषण गर्न चाहन्छु । सामाजिक दृष्टिले कुनै अवाञ्छनीय कार्य अपराध ठहरिन्छ भने त्यही कार्य व्यक्तिको दृष्टिबाट पाप ठहरिन पुग्छ । हत्या अपराध र पाप दुवै हो । समाजको दृष्टिले यो अपराध ठहरिन्छ । अपराध कुनै कार्यप्रति समाजको प्रतिकूल निर्णयको संज्ञा हो । तसर्थ, अपराध त्यस्तो वस्तुनिष्ठ कार्य हो जसका बारे कर्ताबाहेक अरूहरूले फैसला दिन्छन् । ऐनका दफाहरूजस्तो सुनिश्चित मापदण्डको आधारमा प्रस्ट परिभाषा हुनसक्ने वस्तुनिष्ठ हुने भएकाले यसको विज्ञानको जस्तै चरित्र हुन्छ । अपराधप्रति सहानुभूति राख्ने व्यक्ति आफ्नो ठाउँमा रहन्छ । पत्ता नलागेको अपराध भने अपराध ठहरिँदैन । अपराध परचक्रीले देख्ने तर कर्ताले स्वीकार नगर्ने कार्य हो । तर, पाप भनेको कुनै अन्तर्ज्ञानमा रहेका मूल्यहरूको अवज्ञा हो । यस उल्लङ्घनको बोध अरूलाई होइन, उल्लङ्घनकर्ता वा पापकर्तालाई मात्र हुन्छ । पाप उल्लङ्घनकर्तालाई आफूबाट भएको अपराधको बोध हो र पापबोध अपराधकर्ता आफ्नो सुधारमा स्वयम् संलग्न हुनसक्ने प्रतिक्रया हो । यो आफ्नो गोडालाई आफैँले उचालेर माथि उठ्ने प्रयत्न हो । अपराधका लागि दण्ड जुन कुरो हो, पापका लागि त्यही पश्चाताप हो । दण्ड पीडादायी हुन्छ भने पश्चाताप आत्मशोध हुन्छ । पापबोध वा पश्चातापको माध्यमबाट मानिसमा सद्गुण जीवन्त रहन्छन् । अन्तरप्रेरणामा सद्गुण फत्रन्छ ।

————बाँकी ३ पेजमा

बिपी कोइराला राजनीतिक अभिलेख

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

## कतै विरोध ...

धनुषाको सबैलामा केही स्थानीयहरूले संविधान दिवसको विरोध गर्दै संविधान जनाउनै लाग्दा प्रहरीले लाठी चार्ज गरेको छ । सबैलाको ईलाका प्रहरी कार्यालयको थुना भित्रै केही महिना अगाडी ज्यान गुमाएका शम्भु सदाको आमाको नेतृत्वमा स्थानीयहरूले संविधान जलाउन खोजेपछि प्रहरीले लाठी चार्ज गरेको स्थानीय शम्भु पण्डितले बताए ।

**रोएर संविधानको विरोध**

सरकारले संविधानको मर्म र भावनाको हत्या गरेको भन्दै अभियन्ताहरूले काठमाडौं सामूहिक रूपमा रोएर विरोध प्रर्दशन गरेका छन् । हजारौंको बलीदानीबाट आएको संविधान प्रगतिशील भए पनि सरकारले संविधानको भावना विरोधी काम गरेको भन्दै स्वतन्त्र राष्ट्रिय अभियानले शनिबार विरोध कार्यक्रम गरेको हो । माइतीघर मण्डला, कोटेश्वर र तीनकुनेमा रून नदिएपछि पशुपतिमा गएर विरोध गरिएको हो । अभियानका सचिवालय सदस्य कृष्ण प्रसाईँ, अर्थ विभाग प्रमुख बोधनाथ न्यौपाने, संगठन विभाग सदस्य सचिव दुर्गा बस्नेत, युवा तथा खेलकुद विभाग प्रमुख सेर्फड लिम्बु, सञ्चार विभाग प्रमुख चर्चित ढुगेलले कार्यक्रमको औचित्यबारे प्रकाश पारेका थिए ।

**जनकपुरमा 'ब्लाक आउट'**

वर्तमान संविधान मधेस विरोधी रहेको भन्दै जनकपुरसहितका ठाउँमा 'ब्लाक आउट' गरिएको छ । जनकपुरमा साँझ ६:३० बजेदेखि ६:४५ बजेसम्म (१५ मिनेट) ब्लाक आउट गरिएको हो । जनकपुरमा जसपाका कार्यकर्ताहरूले सिटी फुक्दै लाइट अफ गर्न व्यापारी र सर्वसधारणलाई आग्रह गरेका थिए । उनीहरूले प्रहरी गाडीको लाइट समेत अफ गर्न लगाए । गाडी समेत १५ मिनेट चलेन ।

## किन ...

*१४, धारा ३८ (४), धारा ६६ (४,५), धारा ५८, धारा ७०, धारा ८६ (२), धारा ९१ (४), भाग ११, धारा १३७ (१), धारा २१५ (९), धारा २७४ (४,५,६,७,८), धारा २८२ (१), धारा २८३, धारा २८३ क, धारा २८७ (६) क१, धारा २८७ क, धारा ३०६ (१) ट, अनुसूची ५ र अनुसुची ६ लाई संशोधन गर्नुपर्ने छ । यी धारामा संसोधन हुँदामात्रै संविधानलाई सबैको स्वीकार्य बनाउन सम्भव हुने जनता समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्णको भनाई छ ।*

*सरकारले कालापानी-लिम्पियाधुरासहितको नयाँ राजनीतिक-प्रशासनिक नक्सा जारी गरेसँगै संसदमा संविधान संशोधन विधेयक दर्ता गराएको थियो । निशान छापमा अंकित नक्सा परिमार्जन गर्ने उद्देश्यले संशोधन प्रस्ताव दर्ता गरेपछि प्रस्तावमा आफ्ना मुद्दा नसमेटिएको भन्दै राजपा र समाजवादी पार्टीले असन्तुष्टि जनाएका थिए ।*

*सरकारले आफ्नो प्रस्तावमा मधेसी, जनजाति सामुदायका मुद्दा नराखेपछि आफूहरूले गैरसरकारी विधेयक दर्ता गर्नुपरेको प्रस्तावक राजेन्द्र श्रेष्ठको भनाई थियो । निशान छाप संसोधन प्रस्तावमा राजपा र समाजवादीले पक्षमा मतदान गरेका थिए ।*

*राजपा र समाजवादीबीच एकता हुँदा 'दुई पार्टी सङ्घीय राज्य बनाउन प्रतिबद्ध रहेको र त्यसका लागि संविधानसभाद्वारा गठीत उच्चस्तरीय राज्य पुनसंरचना सुझाव आयोगको प्रतिवेदनका आधारमा संविधान संशोधन गरी ११ प्रदेशको संरचना गर्नुपर्नेमा जोड दिइएको छ ।*

*असन्तुष्ट समूहले संसददेखि सडकसम्म बहसको विषय बनाए पनि संविधान संसोधनमा सरकार भने हतारको मनस्थितिमा छैन । संविधान दिवसको अघिल्लो दिन अर्थात् असोज २ मा प्रधानमन्त्रीले संविधान संसोधनबारे पुरानै 'बनिबनाउ' भाषण दोहोऱ्याएर यसको संकेत दिएका छन् ।*

*'अ ट्रिटिज अन दि कन्स्टिच्युसन अफ नेपाल, २०१५'पुस्तक विमोचनमा प्रधानमन्त्री ओलीको भनाई थियो, 'केही केही व्यवहारका क्रममा भोलि गएर अपूर्णता पनि देखिएला । जनताको आवश्यकतालाई समयको मागअनुसार परिवर्तनको गतिलाई अगाडि बढाउनका लागि न्याय, समानता वा विकासलाई यथोचित ढंगले परिमार्जन गर्न संविधान संशोधन हुन आवश्यक पर्न सक्छ । त्यस्तो पऱ्यो भने संविधान संशोधन हुन्छ । यो अपरिवर्तनशील र असंशोधनीय चिज होइन । स्थिरता र स्थायीत्वका नाममा अपरिवर्तनशील विषय होइन । संविधान संशोधनका लागि हामी सबै खुला दिमाग राखेर बिना बहकाउ तयारी रहनुपर्छ ।'*

*संविधान संसोधनको मुद्दा उठ्दा ओलीले लगातार यही भन्दै आएका छन् । तर, नेकपाकै कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवा संविधान संसोधनको मुद्दामा ओलीभन्दा अलि उदार देखिन्छन् । उनीहरू दुवै जनाले आफू प्रधानमन्त्री हुँदा संविधान संसोधनसम्बन्धी प्रस्तावमा कामसमेत गरेका थिए । तर, तत्कालीन एमालेको असहयोगका कारण असन्तुष्टका माग सम्बोधन गर्ने संविधान संसोधनको प्रयास सम्भव भएको थिएन ।*

*कांग्रेस नेता रमेश लेखकले संविधानको आमस्वीकार्यता बन्न नसक्नुमा सरकारलाई जिम्मेवार ठान्छन् । 'संविधानमा सर्वस्वीकार्यताको शब्द धेरै सुविचारित ढंगले लेखिएको हो । सर्वस्वीकार्यता भनेकै देशका विभिन्न जात, जाति, वर्ग समुदायले यो संविधान मेरो हो भन्ने अनुभूति गर्न सकुन् भन्ने हो,' उनले भने, 'कांग्रेस नेतृत्वको सरकार हुँदा संविधान संशोधनको प्रस्ताव लगेका पनि हौं । तर, अहिलेको सरकार संविधान संशोधनको लागि तयार भएन । अहिले सरकारले संविधान कार्यान्वय गर्न क्षमता, योग्यता र मानसिकता देखाएन । यसकारण समस्या आएको छ ।'*

*पूर्वप्रधानमन्त्री एवं जसपा वरिष्ठ नेता बाबुराम भट्टराईले ०७२ असोज ३ मा संविधान जारी भएको दिन तत्कालीन संविधानसभाको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको सभापतिको नाताले संविधानसभा हलबाट बाहिर आएर भनेका थिए- यो संविधान 'आधा गिलास भरी, आधा गिलास खाली'जस्तो छ । लगातार उनले यही विषय उठाइरहेका छन् । नेता भट्टराईका अनुसार संविधानमा मूलतः मधेसी, आदिवासी जनजाति, थारूले त्यसमा असहमति जनाउने ठाउँ छन् । सँगसँगै भाषागत रूपमा पनि कतिपय दोहोरिएका, कतिपय दोहोरो अर्थ लाग्ने खालका शब्द परेको र जसले गर्दा संविधानमा शब्द-शब्दमा मुद्दा परेर अल्झिने र लेखिएका कुरा कार्यान्वयन नहुने गम्भीर खतरा रहेको उनको भनाई रहँदै आएको छ ।*

*उनले समयमै संविधान संसोधन गरेर यसलाई सर्वस्वीकार्य बनाउनुपर्नेमा जोड दिँदै आएका छन् । उनले भन्दै आएका छन्, 'संविधानका त्रुटि नहटाउने हठले संविधान एउटा गतिशील दस्तावेज हो र समयानुकूल परिवर्तन हुनुपर्छ भन्ने मान्यता अस्वीकार गर्छ र देशमा अर्को मुठभेड निम्त्याउँछ । त्यसैले संविधानका अपूर्णतालाई पूरा गर्ने गरी छिटो संविधान संशोधन गर्नुपर्छ ।' संविधान दिवसमा राष्ट्रिय एकता बन्न नसक्नुमा सत्तारूढ दल नेकपाका प्रमुख सचेतक देव गुरूङ संविधानका प्रस्तावक र कार्यान्वयन गर्नेबीच तालमेल नमिल्नुलाई जिम्मेवार ठान्छन् । आमस्वीकार्यताका लागि संविधानमा भएका कमजोरी सुधार्दै अनुकूल समयमा संशोधन गर्नुपर्ने उनको मत छ ।*

*'सीमा र कमजोरीकाबीच सम्झौताको रूपमा संविधान बनेको हो । सम्झौता भए पनि कार्यान्वय गर्नुपर्ने आवश्यकता छ । संविधानको मूल जग दस वर्षे जनयुद्ध, जनआन्दोलन, १२ बुँदे सम्झौता र बृहत शान्ति सम्झौता हो । अहिले कार्यान्वयनको तहमा जाँदा प्रस्तावक र कार्यान्वयन गर्नेको बीचमा तालमेल मिल्नुपर्ने आवश्यकता देखिन्छ,' गुरूङ्ले भने, 'यसमा तालमेल नमिलेको कारण केही समस्या पैदा भएको हुन सक्छ । तर पनि अनुकूल समयमा कमजोरी सच्चाएर संशोधन गरेर अगाडि बढाउनु पर्छ ।'*

***इकान्तिपुरबाट***

## नेपालको...

सद्गुण मानिसको आफ्नो स्वतन्त्र निर्णयको उपज हो । यो कसैको करकापबाट प्रकट हुने आचरण होइन । यस्तो स्वतन्त्र आचरणमा भावना वा मन र कार्य वा कर्मको एकै थलोमा मेल हुन्छ । आर्थिक समस्याहरूको बन्धनमा नरहेको व्यक्ति यस्तो नैतिक-आध्यात्मिक जिम्मेवारीलाई वहन गर्न तयार हुनसक्छ ।'

सारांशमा, अविकसित र विकसित समाजका समस्याहरू भिन्नाभिन्नै स्तरका छन् । अविकसित समाजमा आर्थिक-राजनीतिक पक्षका मूलतः भौतिक र सामाजिक समस्याहरू छन् । यस्तो अवस्थामा गान्धीवाद अप्राप्य लक्ष्य मात्र हुन्छ भन्ने मेरो धारणा हो । तसर्थ, अविकसित मुलुकका लागि त्यो काल्पनिक हुन्छ । अप्राप्य लक्ष्यका मुख्यतः दुई प्रकारका खतरा हुन्छन् । एकातिर, यसले समाजको सञ्चालन गर्ने मौका पाउने व्यावहारिक व्यक्तिहरूमा सजिलैसँग पाखण्ड र कुटिलताको उदय गराउँछ भने अर्कोतिर, आदर्शवादीहरूमा रहेको व्यावहारिक लक्ष्यप्रति उन्मुख हुनसक्ने जोसलाई अप्राप्य लक्ष्य प्राप्त गर्ने असफल प्रयत्नतर्फ लगाइदिन्छ । अनि अप्राप्य राष्ट्रिय लक्ष्यले समाजमा उल्टो परिणाम निम्त्याउँछ । अविकसित समाजमा मूलतः आर्थिक-राजनीतिक समस्याहरू हुने भएकाले तिनको समाधान गर्ने प्रयत्नको रूप पनि सामाजिक नै हुन्छ । त्यस प्रयत्नमा सम्पूर्ण सामाजिक परिवर्तनको लक्ष्य रहेको हुन्छ । त्यसो हुनाले नै सम्पूर्ण सामाजिक परिवर्तनको लक्ष्य पूरा गर्ने प्रयत्नलाई क्रान्तिको संज्ञा दिइएको हो । यस समस्याको सन्दर्भमा सम्पन्न समाजको तस्बिर एकदम भिन्न छ । त्यहाँका मौलिक चुनौती भौतिक नभएर सांस्कृतिक एवम् आध्यात्मिक हुन् । मानिसले त्यहाँको समाजका आफ्ना भौतिक समस्याहरूलाई प्रायः समाधान गरिसकेको छन् । काला जातिका फोहर र दरिद्र बस्तीहरूसमेत केही वन्चित इलाकाहरूका समस्या अझै बाँकी होलान् । ती ठूला केन्द्रीय समस्या नभएर सजिलैसँग समाधान गर्न सकिने समस्या हुन् । तसर्थ, पश्चिमी सम्पन्न समाज अब भौतिक सामग्रीहरूको बहुलताको क्षेत्रबाट अराजकतावादी स्वतन्त्रता'को अवस्थामा कुद्ने तरखरमा लाग्न सक्छ । भौतिक सम्पन्नताबाट फड्को मार्ने अराजकतावादी स्वतन्त्रताको अवस्थामा व्यक्ति धार्मिक, आर्थिक, राजनीतिक वा सामाजिक कुनै प्रकारका संस्थागत नियन्त्रणबाट बाँधिएको हुँदैन । भौतिक सम्पन्नताको आधारबिना अराजकतावादको धारणा अव्यावहारिक र काल्पनिक हुनपुग्छ । तर, त्यहाँको समाजले भौतिक सम्पन्नताको आधार प्राप्त गरिसकेको हुँदा कुनै प्रकारको संस्थागत नियन्त्रण राख्नु व्यक्तिको स्वतन्त्रताको अनावश्यक अपहरण गर्नु हो । त्यस्तो समाजमा 'मानिसको अस्तित्वको अर्थ के हो ? असल र खराब भनेको के हो ? मेरो नैतिकता कस्तो हुनुपर्छ ? के साँच्चै ईश्वरको मृत्युभइसकेले अब मानिसलाई आफूभन्दा बाहिरको कुनै तत्त्वबाट सहायता प्राप्त हुँदैन र उसका जीवनका यावत् प्रश्नहरूको उत्तर उसले आफ्नै सीमित व्यक्तिगत सामर्थ्यबाट पाउनुपर्छ ?' लगायतका प्रश्न उब्जिन थाल्छन् । यस्ता प्रश्नले उनीहरूका समस्याका आध्यात्मिक, सांस्कृतिक र अराजकतावादी चरित्र उद्घाटन गर्छन् । जाति द्वेष वा अरू किसिमका पूर्वाग्रह र अन्यायका समस्या जस्तोसुकै असल समाजमा पनि कुना-काप्चामा लुकेर रहेका हुन्छन् । धनी र समृद्ध देशहरूले अझसम्म गरिब देशहरूको विकासका लागि आफ्नो राष्ट्रिय आयको एक प्रतिशत पनि छुट्ट्याएर दिन तयार नहुनु समृद्ध मुलुकमा जातीय स्वार्थभित्र लुकेको समस्याको एउटा दृष्टान्त हो । यसो भन्नुको अर्थ मानिसले आफ्नो सामाजिक, आर्थिक र राजनीतिक समस्याहरूलाई सुल्झाइसकेपछि पनि उनका सामुन्ने अरू प्रकारका समस्याहरू आइपर्छन् भन्ने हो । पिछडिएको समाजमा राजनीतिक अत्याचार र आर्थिक शोषणका विरुद्ध सङ्घर्ष हुन्छ भने उन्नत समाजमा व्यक्तिगत अन्याय, पूर्वाग्रह र द्वेषका विरुद्ध सङ्घर्ष हुन्छ । पहिलेका कतिपय चिन्तकहरू विशेषगरी प्रिन्स क्रोपोटकिनले अराजकतावादको प्रचार गरेका थिए । तर, उनीहरू कसैले पनि समस्याको आध्यात्मिक वा आध्यात्मिक पक्षतर्फ ध्यान पुऱ्याउन सकेनन् । आध्यात्मिक पक्ष मानिसको अन्तर्पक्ष हो । सामाजिक दर्शनमा गान्धीको सबैभन्दा ठूलो देन 'भौतिक सम्पन्नताले मात्र मानिसलाई स्वतः अराजकतावादी सुखी जीवनको स्वर्गमा पुऱ्याउँदैन' भन्ने दृढ भनाइ नै हो । मानिसले अन्यायका विरुद्ध सङ्घर्ष गर्नुपर्छ र आफूभित्रैदेखि परिवर्तित हुनु पनि परेको छ । अन्यायका विरुद्ध प्रयोग गरिने गान्धीको हतियार अहिंसाको हतियार हो । अहिंसाको हतियार नैतिक हतियार हो । यस हतियारको निसाना अन्यायी हुँदैन, अन्याय हुन्छ । अहिंसात्मक कारबाहीद्वारा अन्यायकर्ताको हृदयलाई स्पर्श गर्नुपर्छ । त्यसको उद्देश्य ऐनकानुन परिवर्तन होइन, हृदय परिवर्तन गर्नु हुन्छ । गान्धीको भनाइअनुसार 'व्यक्ति स्वयम् नैतिक, गुणवान र सुसंस्कृत छैन भने उसले आफ्नो कारबाहीले अरूको हृदयलाई स्पर्श गर्नै सक्तैन' । यसरी केवल नैतिक परिप्रेक्ष्यमा मात्र हामी गान्धीको सङ्घर्ष-प्रणालीलाई बुझ्न सक्छौं । विद्रोहको वर्तमान युगमा गान्धीको अहिंसाको सन्देश, उहाँको हृदय परिवर्तनको तरिका, सहयोगको सङ्घर्ष प्रणाली, अन्यायलाई जहिले र जहाँ पनि विरोध गर्ने आह्वान अनौठो किसिमले प्रासङ्गिक हुन पुगेको छ ।

अन्त्यमा, म गान्धीजीको स्मृतिमा आफ्नो श्रद्धाञ्जली हो-ची-मिन्हको यस उक्तिलाई दोहोऱ्याएर दिन चाहन्छु, 'स्वतन्त्रताका सेनानीहरू जुनसुकै मोर्चामा विभाजित भएका भए पनि सबै एक अर्थमा गान्धीका अनुयायी हुन् ।' अनि, मानवको उद्धारको बाटो अन्तत्त्वोगत्वा गान्धीवादमै छ भन्नेमा मलाई सन्देह छैन ।'

***अक्टुबर १९६९ (कार्तिक २०२६)***

***स्रोत : नेपालको चुनौती र गान्धीवाद, तरूण प्रकाशन***

***नोट : यो बीपी कोइरालाले अक्टुबर १९६९ मा गान्धी विद्या संस्थान, वाराणसीमा दिनुभएको अङ्ग्रेजी भाषाको प्रवचनको नेपाली अनुवाद हो ।***

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# युवा व्यवस्थापनमा पालिका

## पालिका बहस

**डा. विजयप्रसाद मिश्र**



युवाहरू के गरौं ? कसो गरौं ? भन्दै दिन गुजारी रहेका छन् । कोभिड १९ का कारणले युवामा झनै निराशा छाएको छ । यस्तो अवस्थामा पालिकाले आफ्नो पालिकाभित्रका युवाहरूलाई कतातर्फ लाने हो ? त्यसका लागि दीर्घकालीन रूपमा सोच बनाएर अघि बढ्नु पर्दछ । अधिकांश युवाको हातमा शैक्षिक प्रमाणपत्र त छ तर सीप, गुणको साह्रै अभाव छ । नेपालमा जागिर खानका लागि पैरबी चाहिन्छ भन्ने मानसिकताबाट ग्रसित युवाहरूमा कुनै कार्यालय र संस्थानहरूमा घुस विना जागिर पाइन्न । कित नेताको आर्शिवाद चाहिन्छ भन्ने भ्रम छ । केही समय यो थियो । अहिले पनि यताकदा छ । तर समग्रमा युवाले प्रतिस्पर्धा गरेरै जागिर खोज्नु पर्दछ । जागिर मै जानु पर्दछ भन्ने छैन । स्थानीय आवश्यकता अनुसारको सीपहरू सिकेर स्वरोजगार तर्फ लाग्नु पर्दछ । अरूकोमा जागिर खानजानु भन्दा आफ्नै पौरखले स्थापना गरेका उद्योग, व्यवसायमा अरूलाई जागिर दिने गरी अघि बढ्ने इच्छा शक्ति युवाहरूमा हुनु पर्दछ । तर युवाको इच्छा शक्तिलाई पूरा गर्न पालिका तम्तयार भएर बस्नु पर्दछ ।

पालिका भित्र कति युवाहरू छन् ? उनीहरूलाई कस्तो सीप दिनु पर्दछ ? कस्तो तालिम दिने ? जागिर खान चाहनेलाई लोकसेवाको तयारी कक्षामा सहभागी गराउने, सवारी चालक बन्न चाहनेलाई तालिमको व्यवस्था गरिदिने, प्रहरी, सेनामा भर्ना हुन चाहनेलाई पूर्व सुरक्षाकर्मीहरूको निगरानीमा गाउँगाउँमा तालिमहरू सञ्चालन गराउने, परम्पारगत सीपहरूलाई उजागर गर्ने, सिकर्मी, डकर्मी, माटोको काम गर्नेहरूलाई उनीहरूको सीपलाई अहिलेको बजारमा प्रतिस्पर्धा गर्ने गरी तालिमको अवस्था सृजना गराउने काम पालिकाको हो ।

गाउँका युवाहरू छोरी जति घरको काममा पेलिनु पर्ने र छोराजति फुर्सदिलो, गफ गरेर, घुमफिर गरेर रमाइलो गर्दै दिन बिताउने स्वभावका हुन्थे । अहिले पनि त्यो छ । मोवाइल , इन्टरनेट र सोसल मिडियाले सकारात्मक र नकारात्मक दुबै काम गरिरहेको छ । यसलाई सदुपयोग गर्न युवाहरूलाई कूलतबाट बचाउन सक्नु पर्दछ ।

केटाहरू बाहिरी बातावरणमा बढी व्यस्त हुने, बरालिने, त्यत्तिकै समय बिताउने, स्कूल पठाएपनि निरन्तर स्कूलमा नजाने, रोजगारीको खोजी नगर्ने स्वभावका थिए । अहिले पनि त्यो छ । हरेक कुरा सिक्न उनीहरू फुर्सदिला थिए तर संगत गुनाको फल भनेजस्तै भएको छ । यसतर्फ पालिकाले ध्यान दिनु पर्दछ । युवाहरूलाई क्लबहरूमा आवद्ध गराउने, गाउँघरमा हुने पर्व उत्सव, सरसफाइ, स्वास्थ्य चेतना, कृषि, पशुपालनका आधारभूत जानकारीहरू दिने काम पालिकाले नै गर्न सक्दछ । प्रत्येक युवालाई स्थानीय विषयहरूको बारेमा जानकार गराउने, पढ्ने बानीको विकास गराउन, प्रतियोगिताहरू राख्ने, खेलकुद प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, कला र गला भएकाहरूलाई बाहिर पठाएर भएपनि दक्ष बनाउने अवसर पालिकाले जुटाई दिनुपर्दछ ।

अहिलेका युवाहरू छोरा र छोरी बराबर भन्ने भएको छ । छोरीहरूलाई पनि स्कूल पठाउन थालेकोले अब घरको काममा छोराहरूले पनि समय दिनु परेको छ । पढ्नु पर्दछ भन्ने ज्ञान पनि युवाहरूमा भएको छ । स्कूल, क्याम्पस जाने, आफ्नो रोजगारको स्रोतहरू खोज्ने, जीवनका लागि केही गर्नुपर्ने रहेछ भनेर युवाहरूले चिन्तन गर्न थालेका छन् । उनीहरूको चिन्तनलाई समयमै सम्बोधन गर्न सकिएन भने विकृति बढ्न सक्दछ । युवालाई जागिरका लागि मात्र पढनु पर्ने पुरानो मानसिकताबाट हटाएर पढाईले जागिर बाहेकका अन्य गतिविधिमा लागेर सहजै जीवन निर्वाह गर्न सकिन्छ । कृषि, तरकारी, फलफूल खेती, पशुपालन, कच्चा पदार्थहरूको उत्पादन, पर्यटनमूखी उत्पादन, कला, साहित्य जुन काममा आफूलाई बढी आनन्द आउँछ त्यही काम तर्फ आकर्षित हुने र यसका लागि पालिकालाई समुहगत रूपमा गएर युवाहरूले तालिम र अवसरहरूको लागि अनुरोध गर्ने काम नियमित रूपमा गर्नु पर्दछ ।

युवामा खेती नगरी त हामीले जीवन गुजारा गर्न सक्दैनौ भनेर सोच्न थालेका पनि छन् । कसैले व्यवसायिक खेतीप्रति ध्यान दिन थालेका छन् । व्यवसायहरू परिवर्तित भएकोले युवाहरूलाई अलिकति आकर्षित पनि बनाएको छ । विदेश जाने होडमा रहेका युवाहरू कोभिड १९ को कहरले स्वदेश फर्किए पछि सरकारी अनुदानमा पेशा व्यवसाय गर्न थालेका छन् । यो अनुदानको अवसर सबै युवाहरूलाई प्राप्त होस भनेर पालिकाले केही पहलकदमी गरिदिएमा अनुदान पाउने निकायहरूमा सुशासन हुने थियो । नत्र घुस दिएर अनुदान लिने, कृषि औजार, उपकारणहरू लिन पनि कमिशन दिनुपर्ने परिपाटीलाई अन्त्य गर्न पालिकाले समन्वय गरिदिनु पर्दछ ।

पालिका स्तरमा पहाडी भागमा मात्र होइन तराईमा पनि पहिले आफ्नै परम्परागत मकै छर्ने, मकै छरेपछि कोदो धान लगाउने, कोदो, गहूँ, धान काटेपछि बारी बाँझै बस्ने र फेरी मकै छर्ने मात्रै गरिन्थ्यो । दुईबाली मात्रै हुन्थ्यो । तर अहिले चक्लाबन्दी बारीको पनि विभाजन भएको छ । युवाहरू तरकारी खेती हुने खालको बारीलाई तरकारी उत्पादनमा ग्राहयता दिन थालेका छन् । कागती खेती, मेवा खेती, अन्य फलफुल लगाउने, १२ मासे तरकारी उत्पादन तर्फ आकार्षित गराउन सकियो भने यसले घर परिवारको आयस्तर बृद्धि गर्न सजिलो हुने भएकोले माग अनुसारको तरकारी खेती गर्न प्रोत्साहित गर्ने, बजारको व्यवस्थापन गरिदिने, उत्पादन गरेको सामग्रीहरू बजारमूल्यमा पालिकाहरूले खरिद गरिदिने ग्यारेन्टी बस्ने काम गरेर युवालाई व्यवसायिक खेती तर्फ उन्मुख गराउने पर्ने देखिन्छ ।

पहिले गाउँमा तरकारी खेतीको सुरूवात नै थिएन । अहिले व्यवसायीक तरकारी खेतीको सुरूवात गाउँगाउँमा भएको छ । अर्को थप काम भनेको बीऊ उत्पादन गर्ने काम पनि भइरहेको छ । बीऊ उत्पादन, माछा, कुखुरा, खसी, गाई पालन तर्फ युवा आकर्षित भएका छन् । कृषकहरूको खेतमा सहुलियतमा बीऊ मल उपलब्ध गराउने, कृषि विज्ञबाट नियमित सुझावहरू दिने, कृषकलाई प्रोत्साहित गर्ने कार्यक्रमहरू ल्याउने काम पालिकाको हो । स्थानीय सरकार संञ्चालन ऐनमै युवाका लागि पालिकाले गर्नुपर्ने कामहरूको बारेमा उल्लेख गरिएको छ । युवाले त्यसको अध्ययन गरेर समूहगत रूपमा माग गर्ने र सदुपयोग गर्ने काममा रूची देखाउनु पर्दछ ।

गाउँघरमा पहिले पहिले विवाह गरेर ल्याएका बुहारी त मान्छे नै हो भन्ने सोचाई हुदैनथ्यो । कामको जिम्मेवारी चाही सबै बुहारीको हो भन्ने थियो । तर यो सबै भएको श्रीसम्पत्ति चाहीँ मेरो हो भन्ने चलन थियो । बुहारीलाई पढाउन त कुरै छाडौं । माइत जाँदासम्म त उहाँहरूको खबरदारी हुन्थ्यो । एकदिन दुईदिन बाहिर जानलाई त विदा पाइदैनथ्यो । दायाँ बाँयाको कुरै छोडिदिऊँ । तर, त्यसको तुलनामा अहिले पछाई छोडेर आएका बुहारीलाई प्लस टू, ब्याचलर पनि सासूहरूले नै पढाउँदै गरेका छन् । बुहारी खाललाई पढाउने काम शुरू भएको छ । एउटाले गरेपछि अर्कोले पनि बुहारी पढाउन थालेका छन् । अहिले त सबै बुहारीहरूको चाहना अनुसार पढाइन्छ । बुहारी भएर आएकालाई समुदायमा घुलमिल हुन अप्ठेरो छ । उनीहरूलाई सीप सिकाउने र चाहना अनुसारको काममा संलग्न हुन अभिप्रेरित गर्ने काम घर परिवार र पालिका दुबैको हो ।

पालिकाको गाउँस्तरका युवाहरूले बाहिर अन्त गएर अरूले कमाएर ल्याएको पैसा देख्छन् । उनीहरू विदेशकै कुरा गर्दछन् । हामीले जति खेती गरेपनि गरेको लगानी पनि हाम्रो उठदैन, यो खेतीले त हामी बाँच्न सक्दैनौ । बरू विदेशमा गएभने त राम्रो पैसा कमिन्छ भन्ने अझैपनि युवाहरू फुर्सदमा कुरा गरिरहन्छन । गाउँबाट विदेश गएका युवाहरूले पठाएको पैसाको फजुल खर्च गरेको देखेर त्यसतर्फ आफूपनि जान पाए हुन्थ्यो भन्ने सबैमा हुन्छ । तर उनीहरूको दुःख, मिहिनेती काम थाहा पाउनेहरूले त्यत्तिको काम नेपालमै गरेभने त्यो भन्दा बढी कमाउन सकिन्छ भन्ने सोच्न थालिसकेका छन् । यो भएको पनि छ । पालिकाले विदेशबाट फर्किएर आएका युवाहरूले गाउँमा गरेको मिहिनेत देखाउन युवाहरूलाई अवलोकन भ्रमणमा लाने, सञ्चार माध्यमहरूमार्फत जानकारी गराएर त्यसतर्फ आकर्षित गराउनु पर्दछ ।

समग्रमा मौरी रूपी युवाहरू प्रत्येक दिन बोइङ्मा उडेर विदेशमा आफ्नो पसिना र मिहिनेत बगाई रहेका छन् । उनीहरूको पसिना नेपाली माटोमा बगाउन, पहिले दक्ष बनाउने र योजनाबद्ध ढंगले युवाकै चाहना अनुसार नै काम गर्न प्रोत्साहन गर्न पालिकाले ध्यान दियो भने युवाहरूमा आशाका किरणहरू पलाउने छन् । पालिकाले युवालाई काउन्सिलिङ् गर्ने, उनीहरूको चाहना पहिचान गर्ने र मित्रवत व्यवहार गरि उनीहरूको उन्नतीमा चिन्तन गर्ने एउटा टोली बनाएर परिचालन गर्नु पर्दछ । युवाहरूलाई संगठित गर्दा वा अवसर दिंदा राजनीतिक आस्थाका आधारमा भन्दा उनीहरूको चाहना र लगावको आधारमा संगठित गरिएको भने समाजलाई समृद्ध बनाउन युवाले योगदान दिन सक्छन् । त्यसैले युवा पालिकाको अमूल्य सम्पत्ति हुन भन्ने सोच पालिकाले राख्नु पर्दछ ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर लहानपोस्ट् LAHANPOST DAILY राष्ट्रिय दैनिक

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)